# शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित

खण्डः ८ अंकः ०५ मिति २०८१/०३/०९ गते आइतवार

भाग -२

### शिवनाथ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१

शिवनाथ गाउँ कार्यपालिकाको मिति २०८१/०३/०९ गतेको बैठकबाट स्वीकृत भएको शिवनाथ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

शिवनाथ गाउँ कार्यपालिकाको मिति २०८१/०३/०९ गते

प्रस्तावनाः- स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, सेवा प्रवाहलाई चुस्त दरुस्त बनाउन, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप कर्मचारीलाई स्थानीय सरकारप्रति प्रतिबद्ध गराई कर्मचारी सन्तुष्टि अभिवृद्धि र कार्यसम्पादनमा प्रभावकारिता हासिल गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी शिवनाथ गाउँपालिकाले "कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१" बनाई लागु गरिएको छ ।

## परिच्छेद-एक

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षप्त नाम र प्रारम्भः-

क) यस कार्यविधिको नाम "कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१" रहेकोछ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

ग) यो कार्यविधि शिवनाथ गाउँपालिकाको क्षेत्रभित्रमा लागू हुनेछ ।

२. यो कार्यविधि प्रशासन सेवा अन्तर्गतका प्रमुख प्रशासकीय अधिकृत, योजना तथा कार्यक्रम शाखा प्रमुख, प्रशासन शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, लेखा शाखा प्रमुख, सूचना प्रविधि शाखा प्रमुख र ईन्जिनियरिङ सेवा अन्तर्गतका पूर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख तथा इन्जिनियरिङ सेवाका अन्य कर्मचारीहरु तथा कार्यालयको अतिरिक्त काममा खटिने कार्यालय सहयोगी कार्मचारीहरुलाई मात्र लागू हुनेछ ।

३. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "गाउँपालिका" भन्नाले शिवनाथ गाउँपालिका सम्झनु पर्छ ।

ख) "अध्यक्ष" भन्नाले शिवनाथ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले शिवनाथ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ङ) "कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि" भन्नाले शिवनाथ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ ।

च) "भत्ता" भन्नाले कर्मचारीलाई तोकिएको काम बाहेक थप जिम्मेवारी गरेबापत प्रोत्साहन स्वरुप दिने सुविधा सम्झनु पर्छ ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद — दुई
## वित्तीय स्रोत व्यवस्थापन

४. वित्तीय स्रोत व्यवस्थापनः-

क) यस कार्यविधि बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता शिवनाथ गाउँपालिकाको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम र कन्टेन्जिन्सीबाट प्राप्त रकमबाट उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद — तीन
## कार्यान्वय व्यवस्था

४) यस कार्यविधि बमोजिम उपलब्ध गराउने प्रोत्साहन भत्ता कार्यपालिकाबाट स्वीकृत कर्मचारी प्रोत्साहन तथा पुरस्कार र फिल्ड भत्ता शीर्षकमा विनियोजन गरिएको बजेटबाट प्रदान गरिनेछ ।

५) गाउँसभा अधिवेशनको तयारी तथा व्यवस्थापनमा खटिने र कार्यालय कामको अत्यधिक चाप पर्न भएको समयमा कार्यालय समयभन्दा थप ५ घण्टाभन्दा बढी काममा खटिने र थप जिम्मेवारी गरेवाफत दफा २ मा उल्लिखित कर्मचारीहरुमध्येबाट खटिएको आधारमा मासिक रुपमा खाइपाइ आएको तलब भत्ता बराबरको प्रोत्साहन रकम कार्यालय प्रमुखस्तरको निर्णयबाट उपलब्ध गराइनेछ ।

६) प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता मूल्यांकन फाराम भरी सुपरिवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कनको आधारमा प्रत्येक २/२ महिनामा प्रदान गरिनेछ ।

७) प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

८) प्रोत्साहन भत्ता पाउने कुनै कर्मचारी वा फिल्ड भत्ता पाउने कुनै प्राविधिक कर्मचारी १५ दिन भन्दा बढी एकै महिनामा बिदामा बसेमा प्रोत्साहन भत्ताको भुक्तानी गर्दा १५ दिन पछिको जति दिन हुन आउँछ, दामासाहीले त्यति दिनको उसले पाउने प्रोत्साहन भत्ता वा फिल्ड भत्ताको आधारमा हुन आउने रकम कट्टा गरेर भुक्तानी गरिनेछ ।

९) प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीले जिल्लाभित्र भ्रमणमा खटिदा प्रोत्साहन भत्ता र फिल्ड भत्ताको रकम घटाइ भुक्तानी गरिनेछ ।

१०) कार्य सम्पादन मूल्याङ्कन फारामलाई सुपरिवेक्षण गर्न सुपरिवेक्षकमा प्रमुख प्रशासकीय अधिकृत रहनेछ भने पुनरावलोकनकर्तामा गाउँपालिकाका अध्यक्ष रहनेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रमुख प्रशासकीय अधिकृतको कार्य सम्पादन मूल्याङ्कनको सुपरिवेक्षकमा प्रमुख प्रशासकीय अधिकृत आफैं हुनेछ भने पुनरावलोकनकर्तामा गाउँपालिकाका अध्यक्ष रहनेछ ।

११) प्रोत्साहन भत्ता पाउने कर्मचारीहरुलाई फिल्ड भत्ता र फिल्ड भत्ता पाउने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछैन ।

१२) प्रोत्साहन तथा फिल्ड भत्ताको रकम हाजिरी विवरण प्रमाणित तथा फिल्ड प्रतिवेदन पेश भए पश्चात मासिक रुपमा उपलब्ध गराइनेछ ।

## परिच्छेद-चार

## संशोधन तथा परिमार्जन

१३) शिवनाथ गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिपार्जन गर्न सकिनेछ ।

## परिच्छेद-पाँच

## बचाउ तथा खारेजी

१४) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ संग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

१५) बाधा अडकाउ फुकाउनेः- यस कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै द्धिविधा उत्पन्न भएमा शिवनाथ गाउँपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

१६) बचाउः यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता र फिल्ड भत्ता सम्बन्धी भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले,
नरेन्द्र सिह महता
प्रमुख प्रशासकीय अधिकृत